आज मिति २०७८ साल जेष्ठ ३० गते आईतवारको दिन विहान ८:०० बजे नलगाड नगरपालिकाका नगर प्रमुख श्री टेक बहादुर रावलज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| क्र.स. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री टेक बहादुर रावल | नगर प्रमुख | | |
| २. | श्री बाल कुमारी वस्नेत | नगर उप प्रमुख | | |
| ३. | श्री सुरेन्द्र सिंह | प्रमुख प्रशासकीय अधिकृत | | |
| ४. | श्री हिरालाल पुन | वडा नं. १ अध्यक्ष | | |
| ५. | श्री राम कुमार जैसी | वडा नं. २ अध्यक्ष | | |
| ६. | श्री प्रचण्ड वली | वडा नं. ३ अध्यक्ष | | |
| ७. | श्री लक्ष्मी बहादुर रावल | वडा नं. ४ अध्यक्ष | | |
| ८. | श्री केशव प्रसाद शर्मा | वडा नं. ५ अध्यक्ष | | |
| ९. | श्री पूर्ण बहादुर खड्का | वडा नं. ६ अध्यक्ष | | |
| १०. | श्री अर्जुन बहादुर सिंह | वडा नं. ७ अध्यक्ष | | |
| ११. | श्री गोविन्द शाही | वडा नं. ८ अध्यक्ष | | |
| १२. | श्री विष्णु वि.क. | वडा नं. ९ अध्यक्ष | | |
| १३. | श्री भद्र बहादुर ध्यार | वडा नं. १० अध्यक्ष | | |
| १४. | श्री जित बहादुर मल्ल | वडा नं. ११ अध्यक्ष | | |
| १५. | श्री लाल बहादुर खत्री | वडा नं. १२ अध्यक्ष | | |
| १६. | श्री नरेन्द्र शाही | वडा नं. १३ अध्यक्ष | | |
| १७. | श्री राममाया हमाल | नगर का.पा. सदस्य | | |
| १८. | श्री तारादेवि पुन | नगर का.पा. सदस्य | | |
| १९. | श्री गोपी वि.क. | नगर का.पा. सदस्य | | |
| २०. | श्री रुपा कुमारी ध्यार | नगर का.पा. सदस्य | | |
| २१. | श्री काशिराम घर्ति | नगर का.पा. सदस्य | | |
| २२. | श्री तिले बादी | नगर का.पा. सदस्य | | |
| २३. | श्री नर बहादुर नेपाली | नगर का.पा. सदस्य | | |
| २४. | श्री अस्मिता वि.क. | नगर का.पा. सदस्य | | |

२५. श्री धन बहादुर महर का.वा. अध्यक्ष (७)

मिति : २०७८।२।३० को नगर कार्यपालिका वैठकका प्रस्तावहरु

१. प्राथमिक अस्पताल दल्लीको भवन निर्माणको लागि बजेट विनियोजनको लागि अनुरोध सम्वन्धमा ।

२. आ.व. २०७८।७९ को बार्षिक नीति तथा कार्यक्रम मस्यौदा सम्वन्धमा ।

३. नलगाड नगरपालिकाको विनियोजन विधेयक, २०७८ को मस्यौदा सम्वन्धमा ।

४. नलगाड नगरपालिकाको आर्थिक विधेयक, २०७८ को मस्यौदा सम्वन्धमा ।

५. प्राथमिक अस्पताल दल्लीको भवन निर्माणको श्रोत सुनिश्चिता सम्वन्धमा ।

६. बजेट रकमान्तर तथा विनियोजन गर्ने सम्वन्धमा ।

७. आर्थिक सहायता रकम उपलव्ध गराउने सम्वन्धमा ।

८. सुशासन विधेयक, २०७८ को मस्यौदा समिति गठन सम्वन्धमा

९. खेलकुद विकास सम्वन्धी विधेयक, २०७८ को मस्यौदा समिति गठन सम्वन्धमा ।

१०. नगर सभाबाट बजेट विनियोजित क्रमागत योजनाहरु सम्वन्धमा ।

११. आठौ नगर सभा सञ्चालनको सम्वन्धमा ।

१२. भेरीखोला मुहान भई काँडादल्ली, खगेनकोट वफेलगाउँ बृहत खानेपानी योजना फेज-२ को बजेटको लागि अनुरोध सम्वन्धमा ।

१३. बजेट तथा कार्यक्रम स्वीकृत गर्ने सम्वन्धमा ।

नगर कार्यपालिकाको निर्णयहरु (मिति २०७८।२।३०)

निर्णय नं. १: यस नलगाड नगरपालिका अर्न्तगत १५ सैयाको प्राथमिक अस्पताल निर्माणको लागि बजेट विनियोजन भएकोमा नलगाड नगरपालिका भौगोलिक रुपमा विकट भएको र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले उपलव्ध गराएको नमुना नक्सा बमोजिम प्राथमिक अस्पतालको भवन निर्माणको लागि साविक हेल्थ पोष्ट खगेनकोट (हाल प्राथमिक स्वास्थ्य केन्द्र दल्ली) को नाममा रहको कित्ता नं. १७ को २-४-१-२ क्षेत्रफल तथा कि.नं. ५८५ को १-४-३-३ क्षेत्रफल र श्री त्रिभुवन मा.वि. दल्लीको ३० वर्ष भोक चलनको सहमति प्रदान गरेको हुदाँ श्री त्रिभुवन मा.वि. दल्लीको कित्ता नं. १२८५ बाट ५ रोपनी जग्गा समेत उपयोग हुने गरी जम्मा ८-९-१-१ क्षेत्रफलको जग्गामा १५ सैयाको प्राथमिक अस्पताल भवन निर्माण सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम



प्रमुख प्रशासकीय अधिकृत

बहादुर रावल
( नगर प्रमुख )

बोलपत्र आह्वान गर्दा आधारभुत अस्पताल भवन निर्माण सम्वन्धी निर्देशिका, २०७७ मा तोकिएको रु. १८,०६,८२,०००।० अक्षरुपी अठार करोड छलाख बयासी हजारको लागत अनुमानमा भवन निर्माण हुन सक्ने सम्भावना नदेखिएकोले थप बजेटको लागि नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. २: नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, नेपाल सरकारबाट प्राप्त मार्गदर्शन, कर्णाली प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन र नलगाड नगरपालिकाको विभिन्न वस्ती तथा टोल स्तरबाट आएको सुझाव, विभिन्न राजनैतिक पार्टी, विज्ञहरु, कर्मचारीहरुको सल्लाह सुझाव, स्थानीय आवश्यकता तथा प्राथमिकता, विभिन्न विषयगत समितिहरुको सुझाव र बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिस समेतको आधारमा बार्षिक नीति तथा कार्यक्रम तर्जुमा मस्यौदा समितिले तयार पारेको नलगाड नगरपालिकाको आर्थिक वर्ष २०७८।७९ को **वार्षिक नीति तथा कार्यक्रम** बारे दफाबार छलफल गरियो ।

निर्णय नं. ३: नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, नलगाड नगरपालिकाको विभिन्न वस्ती तथा टोल स्तरबाट आएको सुझाव, विभिन्न राजनैतिक दल, कर्मचारीहरुको सुझाव, विभिन्न विषयगत समितिहरुको सुझाव, बजेट तथा कार्यक्रम तर्जुमा समितिको सुझाव, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सुझाव, नेपाल सरकारको मार्गदर्शन, कर्णाली प्रदेश सरकारको मार्गदर्शन लगायतको आधारमा विनियोजन विधेयकको मस्यौदा समितिले तयार गरेको **नलगाड नगरपालिकाको विनियोजन विधेयक, २०७८ (मस्यौदा)** बारे दफाबार छलफल गरियो ।

निर्णय नं. ४: नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, कर्णाली प्रदेश सरकारको आर्थिक ऐन, नेपाल सरकारबाट प्राप्त मार्गदर्शन, कर्णाली प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन र नलगाड नगरपालिकाको विभिन्न वस्ती तथा टोल स्तरबाट आएको सुझाव, स्थानीय राजश्व परामर्श समितिको प्रतिवेदन लगायतको आधारमा आर्थिक विधेयक मस्यौदा समितिले तयार पारेको नलगाड नगरपालिकाको अर्थ सम्वन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक नलगाड नगरपालिकाको आर्थिक विधेयक, २०७८ (मस्यौदा) बारे दफाबार छलफल गरियो ।

निर्णय नं. ५: यस नलगाड नगरपालिका अर्न्तगत १५ सैयाको प्राथमिक अस्पताल निर्माणको लागि बजेट विनियोजन भएकोमा नलगाड नगरपालिका भौगोलिक रुपमा विकट भएको र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले उपलब्ध गराएको नमुना नक्सा बमोजिम प्राथमिक अस्पतालको भवन निर्माणको



प्रमुख प्रशासकीय अधिकृत

...क बहादुर रावल
( नगर प्रमुख )

लागि साविक हेल्थ पोष्ट खगेनकोट (हाल प्राथमिक स्वास्थ्य केन्द्र दल्ली) को नाममा रहको कित्ता नं. १७ को २-४-१-२ क्षेत्रफल तथा कि.नं. ५८५ को १-४-३-३ क्षेत्रफल र श्री त्रिभुवन मा.वि. दल्लीको ३० वर्ष भोक चलनको सहमति प्रदान गरेको हुदाँ श्री त्रिभुवन मा.वि. दल्लीको कित्ता नं. १२८५ बाट ५ रोपनी जग्गा समेत उपयोग हुने गरी जम्मा ८-९-१-१ क्षेत्रफलको जग्गामा कुल लागत अनुमान रु. २५ करोड स्वीकृत गर्ने र १५ सैयाको प्राथमिक अस्पताल भवन निर्माण सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम बोलपत्र आव्हान गर्दा आधारभुत अस्पताल भवन निर्माण सम्वन्धी निर्देशिका, २०७७ मा तोकिएको रु. १८,०६,८२,०००।० अक्षरुपी अठार करोड छलाख बयासी हजारको लागत अनुमानमा भवन निर्माण हुन सक्ने सम्भावना नदेखिएकोले थप बजेटको लागि नलगाड नगरपालिकाले आ.व. २०७९।८० को बजेटबाट सुनिश्चिता गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ६: नलगाड नगरपालिकाको नगर सभाबाट आ.व. २०७७।७८ मा कार्यान्वयन हुने गरी विभिन्न श्रोतबाट रकम विनियोजन गरिएका तपसिल बमोजिमका योजनाहरुबाट नलगाड नगरपालिकाको विनियोजन ऐन, २०७७ को दफा ३ को उपदफा (२) बमोजिम तपसिल बमोजिमको योजनाहरुमा बजेट रकमान्तर गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.सं | साविक योजना तथा कार्यक्रम | हालको योजना तथा कार्यक्रम | रकमान्तर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | कैना कट्के विद्युत लाईन विस्तार योजना नलगाड ३ जाजरकोट | डाँडा बास्कोटी, खरे तारेपातल पैदल मार्ग निर्माण योजना वडा नं. ३ | ४,००,००० | |
| २ | प्रधानमंत्री रोजगार कार्यक्रम | गुदालेको ढाँरी देखि कुईगाई हुदै सिर्पो खोलासम्म घो.बा. निर्माण वडा नं. ६ | २००००० | |
| ३ | रोलि खानेपानी निर्माण योजना नमुना बस्ती विकास कार्यक्रम वडा १० | कोठीसल्ला देखि चैतिकोटसम्म घोरेटो बाटो निर्माण योजना वडा नं. १० | ३००००० | |
| ४ | नगर प्रमुख रोजगार कार्यक्रम | छरछरे खानेपानी मर्मत तथा ट्यांकी निर्माण योजना वडा नं. ७ | २९०००० | |
| | जम्मा रकमान्तर रु | | | |

निर्णय नं. ७: नलगाड नगरपालिकाको आकष्मिक कोषबाट स्वास्थ्य उपचारको लागि तपसिल बमोजिमका व्यक्तिहरुलाई तपसिल बमोजिम रकम उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.सं | व्यक्तिको नाम | स्थायी ठेगाना | रकम रु. | कैफियत |
|---|---|---|---|---|



प्रमुख प्रशासकीय अधिकृत

टेक बहादुर रावल
(नगर प्रमुख)

| | | | | |
|---|---|---|---|---|
| १ | ललित परियार | नलगाड न.पा. १३ जाजरकोट | ८००० | |
| २ | भद्र बहादुर दमाई | नलगाड न.पा. ०५ जाजरकोट | ८००० | |
| ३ | हिरालाल वि.क. | नलगाड न.पा. ०६ जाजरकोट | ८००० | |
| ४ | अर्जुन बहादुर वली | नलगाड न.पा. वडा नं. ६ जाजरकोट | ८००० | |
| ५ | सुन्तला वली | नलगाड न.पा. वडा नं. ५ जाजरकोट | १०००० | |
| ६ | अमर बहादुर शाही | नलगाड न.पा. वडा नं. ३ जाजरकोट | ५००० | |

निर्णय नं. ८: नलगाड नगरपालिकाको समग्र सार्वजनिक सेवा प्रवाहमा प्रभावकारीता ल्याउन तथा कार्यसम्पादनमा कानुन बमोजिम जिम्मेवारी प्रदान गर्न नलगाड नगरपालिकाको सुशासन विधेयक, २०७८ मस्यौदा तयार गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तपसिल बमोजिम मस्यौदा तयारी समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

(ख) प्रशासन शाखा प्रमुख -सदस्य

(ग) विपद व्यवस्थापन उपशाखा प्रमुख -सदस्य सचिव

निर्णय नं. ९: नलगाड नगरपालिकाको समग्र खेलकुद क्षेत्रको विकास तथा सञ्चालनमा प्रभावकारीता ल्याउन नलगाड नगरपालिकाको खेलकुद विकास सम्वन्धी विधेयक, २०७८ मस्यौदा तयार गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तपसिल बमोजिम मस्यौदा तयारी समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

(ख) प्रशासन शाखा प्रमुख -सदस्य

(ग) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख -सदस्य सचिव

निर्णय नं. १०: नलगाड नगरपालिका भौगोलिक रुपमा विकट नगरपालिका भएको र आ.व. २०७७।७८ मा कोभिड १९ को कारणले निर्माण हुन नसक्ने समानीकरण अनुदानबाट विनियोजित योजनाहरु तथा कार्यक्रमहरु आर्थिक वर्ष २०७८।७९ मा निरन्तरता दिने सर्वसम्मत निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

टेक बहादुर रावल
(नगर प्रमुख)

**निर्णय नं. ११:** यस नलगाड नगरपालिकाको आ.व. २०७८।७९ को लागि सम्पन्न हुने बजेट सभा वा आठौं नगर सभा मिति २०७८।०३।०९ देखि सुरु गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १२:** नलगाड नगरपालिका भौगोलिक रुपमा विकट नगरपालिका भएको र योजनाहरुको निर्माणमा कठिनाई भएको अवस्थामा राष्ट्रिय योजना आयोगबाट आ.व. २०७८।७९ मा सम्पन्न हुने गरी भेरीखोला मुहान भई काँडादल्ली, खगेनकोट बफेलगाउँ बृहत खानेपानी योजनाको ठेक्काबाट बचत रकमबाट पुन ठेक्का गरिएकोमा उक्त कार्यलाई अनुमोदन गरी भेरीखोला मुहान भई काँडादल्ली, खगेनकोट बफेलगाउँ बृहत खानेपानी योजना फेज-२ नाम कायम गर्ने र निर्माण कम्पनीलाई पेश्की उपलव्ध गराई बाँकी योजना निर्माणको लागि राष्ट्रिय योजना आयोग लगायत सम्वन्धित निकायहरुसँग बजेट मागको अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १३:** नलगाड नगरपालिका जाजरकोटमा कार्यान्वयन गर्ने गरी नेपाल सरकारको सशर्त अनुदान वापत आ.व. २०७७।७८ मा गरिवसँग विशेश्वर कार्यक्रमको लागि विनियोजित बजेट रु. ७,२५,०००।० अक्षरुपी सातलाख पच्चीस हजार रकमबाट आ.व. २०७७।७८ मा तपसिल बमोजिमको कार्यक्रम सम्पन्न गर्ने गरी बजेट तथा कार्यक्रम स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क.सं | योजना तथा कार्यक्रम | कार्यान्वयन स्थान | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | समुहमा वाखा वितरण कार्यक्रम | नलगाड नगरपालिका वडा नं. २ जाजरकोट | २२५००० | |
| २ | समुहमा कागती र टिमुरको विरुवा वितरण | नलगाड नगरपालिका वडा नं. ५ र ६ जाजरकोट | २२५००० | |
| ३ | समुहमा कागती र टिमुरको विरुवा वितरण | नलगाड नगरपालिका वडा नं. ८ जाजरकोट | २४०००० | |
| ४ | कन्टिजेन्सी रकम रु. | कर्मचारी तथा अनुगमन | ३५००० | |
| | **जम्मा रकमान्तर रु** | | | |

प्रमुख प्रशासकीय अधिकृत

टेक वहादुर रावल
( नगर प्रमुख )